# COVID-19 र बेरोजगारी भत्ता

## को योग्य छ?

यदि तपाईं कर्मचारी हो र निम्न कुरा भएमा तपाईं बेरोजगारी भत्ताको लागि योग्य हुन सक्नुहुन्छ:

1. तपाईंको चिकित्सक, स्वास्थ्य निकाय वा रोजगारदाताले तपाईंलाई COVID-19 को कारणले आइसोलेट वा क्वारेन्टाइनमा बस्न अनुरोध गर्नुभएको हुनाले काम गर्न नसकेमा; वा
2. तपाईंको रोजगारदाताले COVID-19 ले गर्दा उत्पादनमा भएको क्षतिको कारणले तपाईंलाई निकालेमा।

तपाईं COVID-19 ले निदान हुन आवश्यक छैन।

तपाईं पूर्ण रूपमा बेरोजगार हुनुपर्दैन। तपाईंको काम गर्ने समय घटाइएमा, तपाईं केही बेरोजगारी भत्ताको लागि अझै योग्य हुन सक्नुहुन्छ।

## के मलाई कागजातपत्रको आवश्यकता छ?

कागजातपत्रको आवश्यकता छैन, तर उपयोगी हुन सक्छ। तपाईंसँग कागजातपत्र नभएमा, तपाईंले दायर गर्न प्रतीक्षा गर्नुपर्दैन-- तुरुन्तै दायर गर्नुहोस्। सम्भव भएसम्म, तपाईंले आफूलाई COVID-19 सम्बन्धी सरोकारहरूको कारणले अलग बस्न अनुरोध गरिएको छ वा COVID-19 को कारणले तपाईंको काम गर्ने समय घटाइएको छ भनी आफ्नो चिकित्सक, स्वास्थ्य निकाय वा रोजगारदातालाई केही कुरामा लेख्न अनुरोध गर्नुपर्छ।

## यदि म टिप पाएको कर्मचारी भएमा के हुन्छ?

तपाईं टिप पाएको कर्मचारी हो र रोजगारदाताले ज्यालामा टिप समावेश नगरेमा, तपाईंले तिर्न बाँकी लाभ रकम समीक्षा र निर्धारण गर्न ODJFS को लागि आफ्नो टिप दिइएको ज्यालाको साथमा शपथपत्र दायर गर्नुपर्ने हुन्छ। रोजगारदाताले तपाईंको ज्यालामा टिप समावेश गरेमा, तपाईंले केही गर्नु पर्दैन।

म आफैँ अलग बस्न चाहन्छु तर कसलै मलाई त्यसो गर्न अनुरोध नगरेको भए के हुन्छ?

तपाईंलाई COVID-19 का कुनै पनि लक्षणहरू देखिएको छैन तर COVID-19 को कारणले आइसोलेटमा वा क्वारेन्टाइनमा बस्न चाहनुहुन्छ भने, तपाईं बेरोजगारी भत्ताको लागि योग्य नहुन सक्नुहुन्छ।

**कसरी आवेदन दिने:**

- अनलाइन: http://unemployment.ohio.gov, 24 घन्टा/दिन, 7 दिन/हप्ता।
- टेलिफोन: 877-644-6562 वा TTY 1-614-387-8408, सोमबारदेखि शुक्रबारसम्म, बिहानको 8 बजेदेखि बेलुकीको 5 बजेसम्म

तपाईंलाई निम्न कुराहरू आवश्यक छन्:

- तपाईंको सामाजिक सुरक्षा नम्बर
- तपाईंको सवारी चालक अनुमतिपत्र वा राज्य आइडी नम्बर
- तपाईंको नाम, ठेगाना, टेलिफोन नम्बर र इ-मेल ठेगाना
- रोजगारीको गत 6 हप्ताको समयमा तपाईंले काम गर्नुभएको प्रत्येक रोजगारदाताको नाम, ठेगाना, टेलिफोन नम्बर र रोजगार मिति
- प्रत्येक रोजगारदाताबाट तपाईं बेरोजगार हुनुभएको कारण
- डिपेन्डेन्टहरूको नाम, सामाजिक सुरक्षा नम्बर र जन्म मिति
- डिपेन्डेन्टहरू दावी गर्दै हुनुहुन्छ भने, तपाईंको दम्पतीको नाम, सामाजिक सुरक्षा नम्बर र जन्म मिति
- तपाईं अमेरिकी नागरिक वा राष्ट्रबासी होइन भने, विदेशी दर्ता नम्बर र म्याद समाप्ति मिति
- तपाईंको नियमित पेशा र कार्य सीपहरू

कसरी योग्य ठहरिने

योग्य ठहरिनको लागि, तपाईंले गत 4 वा 5 क्यालेन्डर त्रैमासिकमा कम्तीमा 20 हप्ता काम गरेको हुनुपर्छ र कम्तीमा प्रति हप्ता औसत $269 ज्याला आर्जन गरेको हुनुपर्छ। तपाईं अनिश्चित हुनुहुन्छ भने, तपाईंले अझै आवेदन दिनुपर्छ र यो जानकारी प्रमाणित हुनेछ।

कुनै प्रतीक्षारत हप्ता वा कामको खोजी छैन

तपाईंको चिकित्सक, स्वास्थ्य निकाय वा रोजगारदाताले तपाईंलाई COVID-19 को कारणले आइसोलेटमा वा क्वारेन्टाइनमा बस्न अनुरोध गर्नुभएको हुनाले तपाईं योग्य ठहरिनुभएमा,

तपाईं पूर्ण रूपमा बेरोजगार, आंशिक रूपमा बेरोजगार वा SharedWork ओहायो कार्यक्रममा सहभागी हुनुभएता पनि तपाईंले पहिलो हप्ताबाट सुरु गरेर बेरोजगारी भत्ता प्राप्त गर्न सक्नुहुन्छ।

| FRANKLIN र MADISON | DELAWARE, MARION, MORROW र UNION |
| --- | --- |
| (614) 241-2001 वा टोल फ्री 1-888-246-4420 मा फोन गर्नुहोस् | (740) 383-2161 वा टोल फ्री 1-888-301-2411 मा फोन गर्नुहोस् |
| 1108 City Park Avenue, Columbus, OH 43206 | 150 Oak Street, Marion, OH 43302 |
| कार्यालय समय: सोमबारदेखि शुक्रबारसम्म बिहान 8:30 बजेदेखि साँझ 5:00 बजेसम्म | कार्यालय समय: सोमबारदेखि शुक्रबारसम्म बिहान 9:00 बजेदेखि साँझ 5:00 बजेसम्म |

कानुनी सहायताले कुनै पनि व्यक्ति विरूद्ध जाति, रङ, राष्ट्रिय मूल, अशक्तता वा प्रवेश-उमेर, उपचार, वा यसको कार्यक्रम, सेवा र क्रियाकलापहरूमा सहभागीता वा रोजगारीको, आधारमा भेदभाव गर्दैन।